**मिति २०७७ फागुन २५ गते (वि.सं. २०७७।११।१३) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०२औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट पारित पहिचायन युक्त लोगो आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २.**

जिल्ला तुलसीपुर उपमहानगरपालिका तपसिल बमोजिमका कार्यबिधि/ निर्देशिका हरु परित गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यबिधि,निर्देशिका |
|---|---|
| १ | चौतारो संरक्षण कार्यबिधि,२०७७ |
| २ | ईन्टर्नसीप कार्यलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यबिधि,२०७७ |
| ३ | किशोरीहरुको शसक्तीकरण र शिक्षामा पहुच बृद्धिका लागि साईकल सहयोग कार्यक्रम सम्बन्धी एकिकृत निर्देशिका,२०७७ |
| ४ | तुलसीपुर उपमहानगरपालिका नगरस्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ |
| ५ | तुलसीपुर उपमहानगरपालिका बिपद व्यवस्थापन कोष(सञ्चालन) कार्यबिधि,२०७७ |

**निर्णय नं ३.**

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमका बिधेयकहरु आठौ नगरसभामा पेश गर्ने निर्णय गरियो । साथै नगर प्रहरी बिधेयकलाई आगामी कार्यपालिका थप छलफल गर्ने निर्णय गरियो ।

| क्र.स. | बिधेयकहरु : |
|---|---|
| १ | वातावरण तथा जैबिक विविधता संरक्षण बिधेक,२०७७ |
| २ | जलाधार संरक्षण बिधेयक |
| ३ | जग्गा नापजांच बिधेयक |
| ४ | तुलसी मेडल र मानपदबी/पदक सिफारिस तथा प्रदान गर्ने सम्बन्धी बिधेयक,२०७७ |
| ५ | तुलसीपुर जनशक्ति स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न बनेको बिधेयक,२०७७ |

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख





नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ फागुन २५ गते (वि.सं. २०७७।११।१३) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०२औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाको बिपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन,२०७५ को दफा ३ को उपदफा २ को खण्ड **त** सम्म मात्र समितिको सदस्य राख्ने व्यवस्था भएकोले उपदफा **थ** थप गरी जनस्वास्थ्य पवर्द्धन शाखा थप गर्न आगामी ८ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाकाको स्वामित्वमा रहेका तपसिल बमोजिमका सटहरुमा ठेक्का बिचाराधिन रहेको अवस्थामा ठेक्का संझौता नहंदा सम्मका लागि आर्थिक ऐन,२०७७ ले तोके बमोजिमको भाडा असुलउपर गर्ने निर्णय गरियो

**तपसिल**

१.बधशाला : ४१ वटा २.आलुमण्डी : १५ वटा ३.साझाबजार : २२ वटा ४.कार्यालय भवन ११ वटा

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाको कवाडी जिबजन्तु पशुपंक्षीको निकासी कर उठाउने ठेक्का आ.ब. २०७७/०७८ मा रु. २०,००,०००। (बीसलाख मात्र) निर्धारण गरिएकोमा आगामि आ.ब. २०७८/०७९ को लागि सो अंकमा १०प्रतिशत बृद्धि गरी रु. २२,००,०००। (बाईसलाख मात्र) निर्धारण गरी अनमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिका वडा नं. १० राईखलियान कार्यालय रहेको प्रो. झग्गु प्रसाद भण्डारीको सुवाकोटी कन्ट्रक्सनलाई तुलसीपुर उपमहानगरपालिकाको घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यबिधिको बुंदा नं. २ अनुसार घ बर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

पिनाकल ईन्जिनियरिङ्ग सोलुसन एण्ड कलसलटेन्सीबाट पेश भएका तुलसीपुर उपमहानगरपालिका क्षेत्रलाई बहाव क्षेत्र बनाई प्रभाह हुने नदि तथा खोला ग्वारखोला,पातुखोला, चिराघाट खोला,संग्रामखोला, बबई नदि , भमके खोला,रानीघाट खोला संग्रामखोलाको आई ई ई र पशुपति माबिको आई ई ई प्रतिवेदन यस उपमहानगरपालिकाको आई ई ई प्रतिवेदन स्वीकृत सम्बन्धी कार्यबिधि,२०७७ अनुसार स्वीकृत गर्ने निर्णय गरियो । साथै वडा नं. ८ को बटोलपुर क्षेत्रमा रहेको नदिजन्य पदार्थ टेण्डर नगरी यस उपमहानगरपालिकाको आन्तरिक बिकास तथा प्राधिकरणको कार्यका लागि प्रयोगमा ल्याउने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

घनश्याम पाण्डे
प्रमुख





नि. प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७७ फागुन २५ गते (वि.सं. २०७७।११।१३) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०२औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

तुलसीपुर उपहानगरपालिकामा र तुलसी गौशाला तथा सरसफाई व्यवस्थापन बहुउद्धेश्यि सहकारी संस्था संग गाई हेरालुको पारिश्रमिक सम्बन्धमा भएको संझौताको म्याद २०७७ पौषमा समाप्त भएकोले सो म्याद २०७७ असार मसान्त सम्म थप गरी पारिश्रमिक बापतको रु ४५०००।(पैतालिस हजार मात्र) नगरस्तरीय बजेटबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

सशस्त्र प्रहरी बल नेपाल नं.२९ गण हेड क्वाटर ज्वालामाई दाङ्गको च.नं.८०४ मिति २०७७।१०।१३ गतेको पत्रबाट सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउटपोष्ट निर्माणका लागि आर्थिक सहयोग माग भएकोले २ वटा पोष्ट निर्माणका लागि रु २००००००(बीसलाख मात्र) नगरस्तरीय बजेटबाट बहुबर्षिय योजनाको रुपमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

भूमि सम्बन्धी समस्या समाधान आयोग र तुलसीपुर उपमहानगरपालिका बिच भएको मिति २०७७।०८।२८ गते भएको समझदारी - पत्रका अनुसार लगत संकलन तथा जग्गा नापजाँच कार्यको लागि आवश्यक पर्ने जनशक्ति (सामाजिक परिचालक, तथ्यांक संकलक, तथ्यांक प्रविष्टि कर्ता सर्बेक्षक , अमिन र कार्यालय सहयोगी (चेनम्यान)) यसै कार्यालयबाट नै व्यवस्थापन गर्नु पर्ने भएकोले तथ्याङक संकलनको कार्यमा समाजिक परिचलाक मार्फत भईरहेको र अब लगत प्रविष्ट गर्ने, जग्गा नापजाँच गर्ने कर्यको लागि देहायमा उल्लेख भए अनुसारको जनशक्ति आवश्यक पर्ने र सो अनुसारको प्रयाप्त जनशक्ति पालिकामा बिद्धमान नरहेको हुदाँ भर्ना तथा पदपुर्ति गरि कार्य गराउन र सो अनुसार को जनशक्तिको लागि आबश्यक पारिश्रमिक लगायतका अन्य कार्य गराउन वजेट व्यवस्थापन गर्न गराउनु हुन भूमि सम्बन्धी समस्या समाधान आयोग लगत संकलन इकाईका लागि देहाय बमोजिमका संङख्यामा आवश्यक कर्मचारी र बजेटको व्यवस्था नगरस्तरी बजेट शिर्षक बाट व्यवस्था गर्ने निर्णय गरियो रहेको अनुरोध छ

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ फागुन २५ गते (वि.सं. २०७७।११।१३) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०२औं बैठकका निर्णयहरु :**

<table>
<tr><th>बिषयको संक्षिप्त ब्यहोरा</th><th>पास परामर्श तथा अन्य सान्दर्भिक ब्यहोरा</th><th>प्रस्ताव पेश गर्नु पर्ने कारण वा शाखाको राय</th><th>निर्णय गर्ने पर्ने ब्यहोरा</th></tr>
<tr><td>१. जनशक्ति व्यवस्थापन</td><td></td><td>नापजाँच तथा लगत प्रविष्टी कार्यको लागि</td><td>
<table>
<tr><th>पद</th><th>तह</th><th>सङ्ख्या</th><th>कार्य</th><th>अनुमानित लागत</th></tr>
<tr><td>सर्बेक्षक</td><td>पाचौं</td><td>५ जना</td><td>पाँच बटा समुह बनाई नापजाचँको कार्य अगाडी बढाउनको लागि</td><td>२८२००x५ =१,४१,०००<br>५ महिनाको लागि ७,०५,०००</td></tr>
<tr><td>अमिन</td><td>चौंथो</td><td>५ जना</td><td></td><td>२६६१००x५ =१,३३,०५०<br>५ महिनाको लागि ६,६५,२५०</td></tr>
</table>
<table>
<tr><td>लगत प्रविष्टकर्ता</td><td>पाचौं वा चौथो</td><td>३ जना</td><td>२६६१००x३ =७९,८३०<br>५ महिनाको लागि ३,५४,१५०</td></tr>
<tr><td>चेन म्यान</td><td>सहायक</td><td>१० जना</td><td>१७,०००x१०=१,७०,०००<br>५ महिनाको लागि<br>८,५०,०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५,७४४००</td></tr>
</table>
</td></tr>
<tr><td>२. क्षेत्र वर्गिकरण र प्रकृति वर्गिकरण</td><td>९९ कार्यपालिकाको निर्णय अनुसार</td><td></td><td>वडा कार्यालयले पठाएको विवरण अनुशार</td></tr>
</table>

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

नि. प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७७ फागुन २५ गते (वि.सं. २०७७।११।१३) मंगलबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १०२औं बैठकका निर्णयहरु :**

| | | | |
|---|---|---|---|
| ३. फाराम मा रहेको मुल्यङकन को सम्बन्धमा | | फारामको फल्गुण १३ मा भर्ने म्याद साकिएको हुनाले आबश्याक कारबाही के गर्ने सम्बन्धी अन्यौल रहेको | मुल्यङकनको विषयमा के गर्ने सम्बन्धि |

निर्णय नं. १२

तुलसीपुर उपमहानगरपालिका वडा नं. १४को पर्यटकीय क्षेत्र हात्तिढुङ्गा रु ५००००।(पचास हजार मात्र) र वडा नं. ७ को भोटेमला ब्यवस्थापनका लागि रु २५०००(पच्चिसहजार मात्र) चालु आ.ब.को पर्वमेला जात्रा शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३

तुलसीपुर उपमहानगरपालिका खेलकुद बिकास समितिको मिति २०७७।११।२४ को बैठकको निर्णयानुसार तपसिल बमोजिमका संघ संस्थालाई तपसिल बमोजिमको रकम खेलकुद प्रतियोगिताका लागि उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | संस्थाको नाम | खेलको नाम | स्तर | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | त्रिशिद्देश्वरी स्पोर्ट क्लव | T 20 क्रिकेट प्रतियोगिता | मेयरकप खुल्ला | ३०००००। |
| २ | दाङ्ग जिल्ला तेक्वान्दो संघ | तेक्वान्दो प्रतियोगिता र म्याट खरिद | मेयरकप खुल्ला | ३०००००। |
| ३ | नेपाल गणतान्त्रीक खेलकुद संघ | खुल्ला भलिबल | उपमेयर कप खुल्ला | १०००००। |
| ४ | नेपाल मगर संघ | लखन थापा कप | जिल्ला | १०००००। |
| ५ | युथस अफ तुलसीपुर | टेबल टेनिस | राष्ट्रिय | १०००००। |
| ६ | दाङ्गजिल्ला शारिरिक सुंगठन तथा फिटनेस | शारिरिक शुसंगठन | जिल्ला | ५००००। |
| ७ | दाङ्ग जिल्ला एथलेटिक्स संघ | एथलेटिक्स | जिल्ला | ५००००। |
| ८ | संघीय प्रहरी कार्यालय तुलसीपुर | कवर्डहल स्तर उन्नती | तुलसीपुर ६ | २०००००। |

निर्णय नं.१४

तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ को जमुनी क्षेत्रमा बढि भिडभाड हुने भएकोले शान्ति सुरक्षाका काय गर्न प्रहरी पोष्ट स्थापनाका लागि प्रदेश प्रहरी कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे
प्रमुख